म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २३९ २०८० साउन ९ गते मंगलबार 25 July 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

## श्रमिक बालबालिकाको उद्दार गर्दा धम्की आउँछः अधिकारी

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आउँदो २०८० मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणाका लागि तयारी गरिरहेको छ । सोही क्रममा वडाहरुलाई पनि बालमैत्री बनाउने तयारी भइरहेको छ । हेटौँडा उपमहानगरलाई बालमैत्री पालिका घोषणाका लागि सहयोग पुग्ने उद्देश्यले वडाहरुलाई बालमैत्री बनाउने तयारी भइरहेको हो । तयारी अन्तर्गत वडा सहजकर्ताको पहलमा बालबालिकाको हक, अधिकारबारे टोल अभिमुखीकरण, सचेतना र सुचना जारी गरिरहेको छ । बालविवाह, बालश्रम, लागुपदार्थ दुर्व्यसनविरुद्ध सचेतना दिइरहेको हेटौंडा-४ की वडा सहजकर्ता अमिसा अधिकारीले जानकारी दिनुभयो ।

बालमैत्री पालिका घोषणाका लागि बाल संरक्षण प्रमुख चुनौति रहेको छ । तर पनि बाल संरक्षणलाई विशेष जोड दिइरहेको छ । वडा सहजकर्ता अधिकारीले भन्नुभयो, "बालश्रमिक बालबालिकाको संरक्षण तथा व्यवस्थापनलाई प्राथमिकता दिइरहेको छ ।" वडामा रहेका होटल, ग्यारेज र फ्याक्ट्रीबाट श्रमिक बालबालिको उद्दार गरी अभिभावकलाई जिम्मा लगाइरहेको छ । गत असार २५ गते ८ वर्षीय बालिकालाई उद्दार गरिएको छ । सुनसरीकी बालिकालाई कुटपिट समेत गरेको अवस्थामा उद्दार गरिएको हो । पालनपोषणको जिम्मा लिन्छु भनी फकाएर श्रममा संलग्न गराएको बालिकाको भनाई छ । घरेलु कामदारका रुपमा लगाएको तर परिश्रमिक भने नदिएको पाइएको छ ।

यस्तै गत शुक्रबार हेटौंडा-४ मा रहेको ब्लक फ्याक्ट्रीबाट २ जना बालश्रमिकको उद्दार गरिएको छ । १२ वर्षीय र १६ वर्षीय बालकलाई उद्दार गरिएको हो । गत जेठ महिनामा वर्कशपबाट २ जना बालकको उद्दार गरिएको छ । १/१ हजार जरिवानासहित बालकलाई अभिभावकको जिम्मा लगाइएको छ । हेटौंडा-५ का १५ वर्षीय एक बालकलाई लागुपदार्थ सेवन गरिरहेको अवस्थामा गत असार १९ गते उद्दार गरिएको छ । यस्तै गत शनिबार आन्दाजी २० वर्षीय अपाङ्ग महिलालाई मागिरहेको अवस्थामा उद्दार गरिएको छ । ती महिलाको घरमा बुझ्न जाँदा बहिनी पनि अपाङ्ग रहेको पाइएको र बाबुआमा पनि शारीरिक रुपमा अशक्त रहेको पाइएको थियो ।

> *श्रमका लागि राखिएको बालबालिकालाई मेरो छोराछोरी हो भन्नुहुन्छ । यसरी हाम्रो आँखालाई छलाउन खोज्नुहुन्छ र थर्काउने तथा धम्काउने गरिरहेको उहाँको भनाई छ ।*

उपमहानगर, बाल हेल्पलाइन र श्रम तथा रोजगार कार्यालयको समन्वयमा श्रमिक बालबालिकाहरुको उद्दार गरिँदै आइरहेको छौं सहजकर्ता अधिकारीले भन्नुभयो, "आफूहरु जोखिममा रहने भएपछि केही समयका लागि उपमहानगरको निर्देशनमा अनुगमन कार्यक्रमलाई निरन्तरता दिन सकिरहेको अवस्था छैन । दिगोपनाका लागि मात्र नभई दिगोपना विकासका लागि हामीले काम गर्नुपर्ने छ । जसले गर्दा जोखिममा रहेर पनि कामलाई निरन्तरता दिनुपर्ने छ ।" सुचना जारी गरेर श्रमिक बालबालिकालाई काममा नलगाउन १५ दिने म्याद दिने गरिएको छ । तर अटेर गर्दै रोजगारदाताहरुले श्रमिक बालबालिका राख्नुहुन्छ । दोहोऱ्याएर जाँदा हामीलाई टाढाबाट नियालेर हेरिरहेका हुन्छन् । हाम्रो हुलियालाई पहिचान गरी ऊ आयो फेरि भन्दै देखाएर श्रमिक बालबालिकाहरु लुकाउनतिर लाग्नुहुन्छ । यस्तै श्रमका लागि राखिएको बालबालिकालाई मेरो छोराछोरी हो भन्नुहुन्छ । यसरी हाम्रो आँखालाई छलाउन खोज्नुहुन्छ र थर्काउने तथा धम्काउने गरिरहेको उहाँको भनाई छ ।

कुनैले त भित्र नआउनुस् बाहिर बस्नुस् समेत भन्छन् । जसले अपहेलनाको महसुस पनि भएको अधिकारीले बताउनुभयो । जसले गर्दा श्रमिक बालबालिकाको पहिचान गर्न हामीलाई अपठ्यारोसँगै आफूहरु असुरक्षित महसुस भएको उहाँले बताउनुभयो । अहिले वडालाई बालमैत्री बनाउनका लागि काम भइसकेको छ । बाल समुह गठन, सचेतना र अभिमुखीकरणको काम सकिएसँगै ३५ प्रतिशत काम सकिएको उहाँले जानकारी दिनुभयो । वडालाई पनि बालमैत्री बनाउन नसकिरहेको अवस्थामा उपमहानगरलाई तोकिएको समयमा बालमैत्री बनाउन नसकिने बताउनुभयो । अधिकारीले भन्नुभयो, "बालमैत्री सहजकर्ताको रुपमा नियुक्त भएको २ महिना भयो । यसअघिका वडा सहजकर्ताले विशेष कारण राजिनामा दिनुभयो । जसले गर्दा एक महिना वडा सहजकर्ता नियुक्त हुन सकेन । त्यसले गर्दा अन्य वडाको तुलनामा ढिला काम भइरहेको छ ।"




## मकवानपुरगढीका विद्यालयको सघन अनुगमन गरिने

समाज संवाददाता

हेटौंडाः भर्ना भएका विद्यार्थीको संख्याको तुलना प्रथम त्रैमासिक परीक्षामा उल्लेख्य संख्यामा विद्यार्थी अनुपस्थित भएको पाइएपछि मकवानपुरगढी गाउँपालिकाको शिक्षा शाखाले विद्यालयको सघन अनुगमन गर्ने भएको छ । असार २१ गतेदेखि सुरु भएर असार २९ गते सम्पन्न भएको प्रथम त्रैमासिक परीक्षामा ८ सय ५५ जना विद्यार्थी अनुपस्थित रहेको तथ्यांक सार्वजनिक भएको थियो ।

गाउँपालिकाको शिक्षा शाखाका प्रमुख राम घलानले अनुपस्थित हुने विद्यार्थीको संख्या अस्वभाविक र उल्लेख्य रहेकोले सघन अनुगमन गर्ने तयारीमा रहेको जानकारी दिनुभयो । प्रथम त्रैमासिक परीक्षा सकिएसँगै विद्यालयमा वर्षे विदा भएकोले साउन २८ गतेदेखि विद्यालय सुचारु भएपछि अनुगमन गरिने शिक्षा शाखा प्रमुख घलानले जानकारी दिनुभयो । चालु शैक्षिक सत्रमा पालिकामा ५ हजार ७ सय ५ जना विद्यार्थी भर्ना भएका थिए । प्रथम त्रैमासिक परीक्षामा ४ हजार ८ सय ५० जना विद्यार्थी सहभागी भएको घलानले बताउनुभयो ।

विद्यार्थी संख्याका आधारमा विविध प्रकारका अनुदान प्रदान गरिने भएकोले कतिपय विद्यालयले विद्यार्थीको भर्ना दर बढाएको हुन सक्ने अनुमान समेत गरिएको छ । मकवानपुरगढी गाउँपालिकामा ३७ वटा विद्यालय रहेका छन् । मकवानपुरगढी गाउँपालिकामा १२ कक्षासम्म अध्यापन हुने एक प्रविधिकसहित ४ वटा विद्यालय रहेको छ । यस्तै, १० कक्षासम्म अध्यापन हुने ६ वटा, ८ कक्षासम्म अध्यापन हुने ६ वटा विद्यालय र प्रावि तहका २२ वटा विद्यालय रहेका छन् ।

## खैरो हेरोइनसहित रवि पक्राउ

समाज संवाददाता


हेटौंडाः लागुऔषध खैरो हेरोइनसहित मकवानपुर प्रहरीले सोमबार एकजनालाई पक्राउ गरेको छ । हेटौँडा-१५ स्थित म्याजिकचोकमा सोमबार साँझ ६ बजेको समयमा हेटौँडा-१५, फारलाइनका २२ वर्षीय रवि बललाई प्रहरीले खैरो हेरोइनसहित पक्राउ गरेको जनाएको छ ।

प्रहरीले रविको साथबाट ५.२ ग्राम खैरो हेरोइन बरामद गरेको छ । प्रहरीले रविलाई हिरासतमा राखी आवश्यक अनुसन्धान गरिरहेको छ ।









## सम्पादकीय

# राजमार्ग विस्तार आवश्यक

हेटौंडा बजार क्षेत्र भएर गएको पूर्वपश्चिम (महेन्द्र) राजमार्गको दायाँबायाँ २५ मिटर/२५ गज सडक विस्तारको पक्ष-विपक्षमा चर्चा र बहस भइरहेको छ । दशकौंदेखि राजमार्ग अतिक्रमण गरेर बनेका घरटहरा हटाउने र सडक चौडा पार्ने चर्चा चलिरहेकै छ । डिभिजन सडक कार्यालयले पनि समयसमयमा राजमार्ग सीमाभित्रका अतिक्रमित संरचना हटाउने सूचना प्रकाशित गर्दै आएको भए पनि सूचनाको कार्यान्वयन हुन सकेको छैन । राजमार्गको तोकिएको सीमा खाली गराउने कार्य हेटौंडामा जटिल बनिरहेको छ । हेटौंडाको मुख्य बजार भएर गएको महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा सडकको बीच भागबाट दायाँ-बायाँ २५-२५ मिटर कायम गरिएको छ । पूर्व काकडभिादेखि पश्चिम महेन्द्रनगरसम्म करिब एक हजार २४ किलोमिटरको महेन्द्र राजमार्गमा हेटौंडाबाहेक अन्यत्र कतै पनि सडक सीमाको विवाद छैन । देशकै पहिलो राजमार्गको रुपमा रहेको त्रिभुवन राजपथमा भने हेटौंडामात्र नभई वीरगञ्जमा पनि सडक सीमा कायम गर्ने समस्या जटिल बनिरहेको छ । त्रिभुवन राजपथको हेटौंडादेखि भैंसे, पालुङ हुँदै नौबिसेसम्म पुग्दा प्राय: सबैतिर सडक सीमाभित्र प्रशस्तै घरटहरा रहेका छन् ।

पछिल्लो समयम गत असार १० गते डिभिजन सडक हेटौंडाले कान्तिपुर दैनिकमा महेन्द्र राजमार्गअन्तर्गत्को हेटौंडा बजार क्षेत्रको अतिक्रमित संरचना हटाउन ३५ दिने सूचना जारी गरेको छ । उक्त सूचनाबमोजिम अतिक्रमण हटाउने समयसीमा करिब एक साता बाँकी छ । विगतका वर्षहरुमा डिभिजन सडकले आफ्नो कार्यक्षेत्र महेन्द्र राजमार्गको धन्सार पुलदेखि लोथरसम्म र त्रिभुवन राजपथको वीरगञ्जदेखि दामेचौरसम्मको सडक अतिक्रमण हटाउन सूचना निकाल्ने गरेकोमा यसपटक भने हेटौंडा-१५, रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्मको सडक सीमाभित्रका अतिक्रमित संरचना हटाउन सूचना जारी गरेको छ । सर्वोच्च अदालतको आदेशबमोजिम हेटौंडा बजार क्षेत्रको २५-२५ गजभित्रका संरचना आफैं हटाउन सूचनामा भनिएको छ ।

गत शुक्रबार बजार क्षेत्रका व्यवसायीले राजनीतिक दलहरुलाई सडक विस्तारका विषयमा ध्यानाकर्षणपत्र बुझाएका छन् । सडक विस्तार हुँदा व्यवसायीको उचित स्थानमा व्यवस्थापन तथा घरधनीलाई उचित मुआब्जा दिनुपर्ने माग व्यवसायीले गरेका छन् । सडकको पुन:निर्माण अवधिभर व्यवसायीको ऋणलाई शून्य अवधि मानेर व्यवसायीलाई पुन:कर्जा तथा पुन:तालिकीकरणको व्यवस्था गर्नुपर्ने, व्यवसाय कर तथा घरबहाल कर छुट हुनुपर्ने माग गरेका छन् । प्रभावित क्षेत्रको घरटहरा पुन:निर्माणपश्चात् साविक व्यापार व्यवसाय गरिरहेका व्यवसायीलाई धरौटीबिना उपलब्ध हुने सुनिश्चिता गर्नुपर्ने माग व्यवसायीको छ । यसअघि सडक विस्तार रोक्न घरधनीसँगै शक्तिकेन्द्र धाउने गरेका व्यवसायीले अहिले आफ्नो व्यावसायिक हितका पक्षमा माग अघि सारेका कारण पनि सडक विस्तार हुने कुरामा उनीहरु पनि विश्वस्त बनेको बुझ्न सकिन्छ ।

सडक सीमाभित्रका अतिक्रमित संरचना हटाउने विषयमा यसअघि राज्य संयन्त्र कठोर बन्न सकेको थिएन । राजनीतिक दलहरुले समेत आफ्नो अनुकूलताअनुसार बोल्ने गरेको र सडक सीमाभित्रका घरधनी तथा व्यवसायीलाई साथ दिइरहेको अवस्था थियो । हेटौंडालाई मानव बस्ती घोषणा गर्नुपर्ने, बजार क्षेत्रबाट गएको मुख्य राजमार्गलाई बाइपास गर्नुपर्ने, राजमार्गको सीमा १६-१६ मिटर गर्नुपर्ने नारा र मागमा राजनीतिक नेतृत्व पनि अलमलिइरहेको थियो । तर अहिले राजनीतिक दलहरु यो समस्यालाई लम्ब्याउन नहुने मनस्थितिमा देखिएका छन् भने स्थानीय सरकारले पनि सडक सीमाभित्रको अतिक्रमण हटाएर सडक फराकिलो बनाउन सहयोग गर्ने निर्णय गरिसकेको छ । एसिएन हाइवेको रुपमा रहेको पूर्वपश्चिम राजमार्ग विस्तारको काम भइरहेको छ । पथलैया-हेटौंडा-नारायणगढ खण्ड विस्तारको लागि डीपीआर तयार भएर ठेक्का प्रक्रियामा जाने तयारी भइरहेको अवस्थामा अब राजमार्ग विस्तारको अन्य विकल्प खोज्नु उचित हुँदैन । राजमार्ग विस्तारबाट प्रभावित र पीडित हुनेहरुका लागि राज्यका तर्फबाट उचित व्यवस्थापनसहित राजमार्ग विस्तारको वातावरण बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ । |
| वृष | : मान–सम्मान र प्रतिष्ठामा वृद्धि हुने समय छ । |
| मिथुन | : खानपानमा विशेष ध्यान पुऱ्याउँदा राम्रो । |
| कर्कट | : अध्ययन– अध्यापनका कामहरु मध्यमकारक । |
| सिंह | : रोजगारीका अवसरहरु आइपर्ने समय योग छ । |
| कन्या | : धार्मिक तथा सामाजिक काममा विचारणीय छ । |
| तुला | : सवारी साधनबाट विशेष सजगता अपनाउँदा राम्रो । |
| वृश्चिक | : विलासी जीवन व्यतित हुने समय योग छ । |
| धनु | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । |
| मकर | : परिवार र आफन्तबाट काममा असहयोग होला । |
| कुम्भ | : घर–परिवारबाट टाढा रहने समय योग छ । |
| मीन | : यात्रा योगमा सरिक र भेटघाटमा रमाइएला । |

# बालमैत्री अभियानमा विद्यालयको भूमिका



**सम्झना अधिकारी**

> बाल्यअवस्थादेखि नै उचित वातावरण, स्याहार, सम्मान र सहभागिताले मात्र भविष्यमा ती बालबालिका क्षमतावान बन्न सक्दछन् । संसारको जुनसुकै ठाउँमा जन्मे, हुर्के पनि उनीहरूको आधारभूत आवश्यकता, माया, ममता, स्वास्थ्य, उचित पोषण, शिक्षा र विकासका अवसर पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो ।

हेटौंडा उपमहानगरपालिका पनि अन्य पालिकाहरुलाई पछयाउँदै बालमैत्री स्थानीय शासन स्थापनामा लागीपरेको छ । आउँदो मंसिरमा हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने भनी एक वर्षअगाडि गरिएको प्रतिबद्धतालाई सफल बनाउन विभिन्न कार्यक्रमहरु हुँदै आएको छ । बालबालिकासँग सम्बन्ध राख्ने टोल विकास संस्था, बाल समूह, स्वास्थ्य चौकी, बालगृह तथा विद्यालयहरुले पनि आफ्नो सूचक हासिल गर्नका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ ।

अझैपनि ३ प्रतिशत बालबालिका विद्यालय पहुँचबाट टाढा रहेकोमा विद्यालयमा आएका बालबालिकाहरुलाई टिकाउन र बिकाउन धेरै कामहरु गर्नुपर्ने देखिन्छ । यसै सन्दर्भमा बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गर्ने क्रममा विद्यालयका यी र यस्ता विविध समस्या समाधानमा केही सहज हुने आशा गरिएको छ । बालमैत्री स्थानीय शासन निर्देशिका २०७८ अनुसार बालमैत्री कार्यक्रम भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा आधारित भई बालअधिकार प्रवर्द्धन गर्न सरकारी, गैरसरकारी, निजी, सहकारी तथा यी साझेदारीहरुमा सञ्चालन हुने कार्यक्रम सम्झनुपर्दछ भनिएको छ । बाल बचाउ, बालसंरक्षण, बाल विकास र बालसहभागितालाई प्राथमिकतामा राखेर स्थापना गरिने बालमैत्री स्थानीय शासनले बालबालिकाको अधिकार उनीहरुकै सहभागितामा स्थापित गर्न सफल हुने आशा गरिएको छ ।

बाल्यअवस्थादेखि नै उचित वातावरण, स्याहार, सम्मान र सहभागिताले मात्र भविष्यमा ती बालबालिका क्षमतावान बन्न सक्दछन् । संसारको जुनसुकै ठाउँमा जन्मे, हुर्के पनि उनीहरूको आधारभूत आवश्यकता, माया, ममता, स्वास्थ्य, उचित पोषण, शिक्षा र विकासका अवसर पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघको महासभाबाट पारित गरिएको बालअधिकार महासन्धिलाई टेकेर नेपालले १४ सेप्टेम्बर १९९० मा निशर्त अनुमोदन गर्दै नेपालमा बालबालिका सम्बन्धी ऐन २०४८ लागू गरिएकोमा हाल उक्त ऐनलाई संशोधन गरी बालबालिका सम्बन्धी ऐन २०७५ लागू भैसकेको छ भने बालअधिकार संरक्षणकै लागि नेपालमा बालमैत्री स्थानीय शासन निर्देशिका २०७८ निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ ।

बालअधिकार महासन्धिका चार आधारभूत सिद्धान्तहरु क) भेदभावरहित, ख) सर्वोत्तमहित, ग) दीर्घजीवन र विकास, घ) बालबालिकाको विचार र भावनाको कदर रहेका छन् । बालबालिकाको निम्ति गरिने प्रत्येक कार्यहरु यी आधारभूत सिद्धान्त विपरित हुनुहुँदैन भने समाजमा भए गरेका कार्यहरु बालअधिकारका पक्षमा छन् कि छैनन् भन्ने कुरा जाँच्नका निम्ति मापदण्डका रुपमा पनि यी आधारभूत सिद्धान्तलाई लिन सकिन्छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण स्थान विद्यालय हो । जहाँ बालबालिकाहरूको प्रत्यक्ष सहभागिता रहेको हुन्छ । यसै सन्दर्भमा पनि बालमैत्री अभियानमा विद्यालयको भूमिका महत्वपूर्ण रहन्छ । विद्यालय आफैंमा एउटा यस्तो लघु समाज हो जहाँ विभिन्न जाति, भाषा, धर्म, वर्ग, लिङ्ग तथा विविध अवस्थाका बालबालिकाहरुको जमघट हुने हुने गर्दछ । विद्यालयमा आएका बालबालिकाहरुलाई भयमुक्त वातावरण सिर्जना गरी सिक्ने अवसर प्रदान गर्नु विद्यालयको पहिलो प्राथमिकता हुनु पर्दछ । भयमुक्त वातावरणले मात्रै बालबालिकाको सिकाइ उत्साहजनक र टिकाउ हुने भएकोले बालमैत्री अभियानमा विद्यालयको भूमिका महत्वपूर्ण हुनुपर्नु देखिएको छ ।


बालमैत्री अभियानले बालबालिकाको आधारभूत अधिकारलाई समेट्न सकोस् । यो अभियान सूचकमा मात्र सीमित नभएर व्यवहारमूलक र दिगो बन्न सकोस् । यस अभियानले विद्यालय बाहिर रहेका बालबालिकालाई पनि विद्यालयसम्म पुऱ्याउने वातावरण निर्माण गर्न सकोस् । हरेक समाज तथा विद्यालयले आ-आफ्नो स्थानमा भयमुक्त वातावरण सिर्जना गरी बालबालिकाको सहभागितामा उत्साहजनक वृद्धि गर्दै उनीहरुलाई देशको जिम्मेवार नागरिक बन्न प्रेरित गर्न सकोस् । बालमैत्री अभियान सभ्य तथा भव्य रुपमा सम्पन्न हुन सकोस् । शुभकामना ।

(अधिकारी हेटौंडा-६, गौरिटारस्थित बालजागृति युवा वर्ष माविका प्रधानाध्यापक हुनुहुन्छ ।)

# पढ्नै पर्ने दिवास्वप्न



**विष्णु न्यौपाने**




शिक्षा र शिक्षकहरुको क्रियाकलापबारे शिक्षाविद् गिजुभाइ गिरिजाशंखरले औँल्याएका विषयमध्येको टिपोटको प्रारम्भमा नै भनिएको छ, शिक्षकहरूलाई मास्टरबाट सहजकर्तामा रूपान्तरित हुने दवाव बढ्दो छ । बालबालिकाप्रति सम्मानजनक व्यवहार दर्शाउनका निम्ति तँ नभनौं अभियान चलाउन आग्रह गरेको कुराले नै मेरो मन छोयो । आधुनिक ढंगले स्थापित भएका र अध्ययन अध्यापन भैरहेका विद्यालयहरूमा त परम्परागत शैलीमा केही सुधार भैरहेका छन् तर हाम्रो समाजको चेतनाको स्तर आदिका कारण बालबालिकाप्रतिको परम्परागत दृष्टिकोण फेरिएको छैन ।

पुस्तकमा शिक्षक गिजुभाइले भोग्नुपरेका अनेक अप्ठ्यारासहित नयाँ शिक्षण विधिहरू पनि उदाहरणसहित प्रस्तुत गरेका छन् । त्यसैले चलन जहिलेदेखिको होस् यसलाई तोड्नै पर्छ । यो त ठाडै ढोङ हो र धोखा पनि भनेर सोच्न बाध्य बनाएका छन् । उनी अगाडि लेख्छन् मुख्य कुरा त हाम्रो उत्साह । हाम्रो इच्छाशक्ति, हाम्रो अत्मविश्वास र लगन हो । यस्तो लगन जुन हाम्रो आत्माबाट निस्कन्छ र आफ्नो लक्ष्य प्राप्ति गर्न एकनिष्ठ भएर अघि बढ्छ ।

दिवास्वप्न पुस्तकमा लेखक गिजुभाइ अर्थात गिरिजाशङ्कर भगवानजीको जन्म सन् १८८५ मा भारतमा भएको थियो । उनी तीन वर्ष अफ्रिका बसाइपछि स्वदेश फर्किए पश्चात् कानुनको अध्ययन र अभ्यासका लागि मुम्बइमा आफ्नो कर्मथलो बनाए । उनीभित्र रहेको बालबालिका केन्द्रित मोहले बालशिक्षाको क्षेत्रमा पुऱ्यायो । उनी स्वअध्ययनबाटै एक कुशल, सक्षम बालशिक्षाशास्त्री बने । यो पुस्तक अनुवादको पनि अनुवाद हो । पहिले स्थानीय गुजराती भाषा, हिन्दी भाषा हुँदै नेपाली भाषामा अनुवाद गरिएको हो ।

यो पुस्तकमा लेखक आफैं उपस्थित भएका छन् उनले शिक्षा क्षेत्रमा देखिएका नकारात्मक पक्षहरूलाई केलाउँदै आधुनिक शिक्षा कस्तो हुनुपर्छ ? त्यसका लागि के-के गर्नुपर्छ भनेर आफैंले स्वअध्ययन, परीक्षण, क्रियाकलाप गरी शिक्षा यस्तो हुनुपर्छ भनेर स्वयं अग्रसर हुन्थे । उनले प्रारम्भिक तहमा राम्रो शिक्षा वा सिक्ने उपयुक्त वातावरण नपाएको खण्डमा माथिल्लो कक्षामा शिक्षकले जति नै प्रयास गरेपनि बालबालिहरूलाई राम्रो बनाउन सकिँदैन भन्ने तथ्यबोध गरी बालमन्दिर खोल्ने, बालशिक्षण विधिका किताब लेख्ने, प्रवचन दिने, शिक्षक तालिम सन्चालन गर्ने अभियान चलाए । शिक्षक मात्र नभई, शिक्षक अभिभावक र विद्यार्थी सबैको त्रिकोणात्मक सम्बन्धबाट बालबालिकाको अवस्था राम्रो बनाउन सकिन्छ भन्ने उनको भनाइ थियो । विशेषत: उनको शिक्षण विधि मारिया मन्टेश्वरीको सोध र अवधारणामा आधारित थियो तर उनले आफ्नो स्थानीय परिवेशमा ढालेका थिए ।

उनका अनुसार बालबालिकाहरूलाई एउटा कक्षाकोठामा थुनेर कुनै विषयवस्तुमा सुगा रटाइ गरेर सिकाउनु, लट्ठी/सिर्कनाले जबरजस्ती अनुशासनको पाठ सिकाउनु, डराउन दिएर, तर्साएर उनीहरूमा नकारात्मक असर पर्न जान्छ । बालबालिकाहरूसँग डरलाग्दो जीवनका रूपमा भन्दापनि साथी, असल सहजकर्ताको रूपमा शिक्षक उपस्थित हुने, रहरलाग्दा रमाइला रूचिपूर्ण खेलविधिबाट सिकाउने, उत्तीर्ण गराउने मात्र लक्ष्य नराखी विद्यार्थीको व्यक्तिगत रूचि, चासो र पारिवारिक वातावरण समेत ध्यानमा राखी उत्तिर्ण नहुने विद्यार्थीलाई व्यावसायिक, व्यवहारिक र पेशागत शिक्षा दिएर उनिहरूको जीवनयापन सहज गराउने दायित्व शिक्षकको हो भन्ने सुझाव यो पुस्तकले दिन खोजेको छ ।

पढ्ने पढाउने, सिक्ने सिकाउने परम्परागत मान्यताहरू तोडिनुपर्छ । शिक्षकले विद्यार्थीलाई अनुशासित बनाउन प्रयोग गरिने लट्ठी सिर्कना विस्थापित गर्नुपर्छ । विद्यार्थीलाई सम्मानजनक व्यवहार दर्शाउन तँ नभन्ने प्रण गर्नुपर्छ । लामो समय नबिर्साउन छिटो सजिलोसँग सिकाउन विषयगत खेलविधि, नाटक मञ्चन, कथावाचन, गायन, कविता वाचन, प्रदर्शनी आदि क्रियाकलाप गराउनुपर्छ भनी उनी प्रयासरत थिए । मन्टेश्वरी स्कुल अथवा उनको भाषामा बालमन्दिर खोलेर उनी १९ वर्षसम्म यसैमा समर्पित भए । उनले यस अवधिमा बालसाहित्य, बालशिक्षण, बाल मनोविज्ञानमा नयाँ-नयाँ प्रयोगहरू गरेर यसै विधामा रहेर १५० भन्दा बढी पुस्तकहरू लेखे ।

माथि उल्लेख गरिए जस्ता दर्जनौं कुराहरू यो पुस्तकमा समावेश छन् । त्यसैले यो पुस्तक एउटा प्रयोगशाला पनि हो । यो पुस्तकबाट आवश्यक ज्ञान हामी विद्यार्थी र शिक्षहरूले लिनै पर्छ भन्ने मलाई लागेको छ । आजको समस्त परिवेश नियाल्दा हामीले देखेको दिउँसैको सपना जस्तो लाग्छ दिवास्वप्न । तर यो दिवास्वप्न त देख्नै पर्ने पो रहेछ कि जस्तो महसुस मलाई भैरहेको छ ।

(न्यौपाने हेटौंडा-४, कमलडाँडास्थित नवोदय माविका शिक्षक हुनुहुन्छ ।)

# मनोरञ्जन क्षेत्रका श्रमिकहरुको हकहितबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्युनतम मापदण्डबारे अन्तरक्रिया भएको छ । सोमबार हेटौंडामा विश्वास नेपालको आयोजना तथा शान्ति फाउन्डेसनको सहकार्यमा अन्तरक्रिया भएको हो ।

विश्वास नेपालकी अध्यक्ष तारा भण्डारीले अहिले मनोरञ्जन तथा सत्कार सेवा हुने दोहोरी साँझ, डान्सबार, डान्स रेस्टुरेन्ट र होटलहरुको संख्या बढिरहेको बताउनुभयो। अहिले देशभर ८ लाखभन्दा बढी श्रमिकहरुले यस क्षेत्रलाई रोजगारीको थलो बनाइरहेको उहाँले बताउनुभयो। यस क्षेत्रमा युवा र किशोर किशोरी कामदारहरुको संख्या बढिरहेको र कला संस्कृतिको जर्गेना गर्ने काम भएको उहाँले बताउनुभयो । यस क्षेत्रबाट राष्ट्रिय कलाकारहरुको उत्पादनमा र देशको अर्थतन्त्रमा टेवा पुऱ्याउँदै आएको पनि उहाँले बताउनुभयो ।

देशमा व्यापक मात्रामा श्रम ओगटेको यो क्षेत्र व्यवस्थित रुपमा सञ्चालन नभइरहेको उहाँले बताउनुभयो । यस क्षेत्रसँग सम्बन्धित नीति नियमहरु पनि प्रभावकारी रुपमा लागू नभएको र श्रमिकहरुका संरक्षणको नभइरहेको उहाँको भनाइ थियो । यस क्षेत्रका श्रमिकहरुको श्रम तथा यौन शोषणमा बढी मारमा पर्ने, सर्वसाधारण नागरिकहरुले र ग्राहकको नजरमा यौनकर्मीको रुपमा हेर्ने गरेको उहाँले बताउनुभयो ।

यस्तै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले सबै स्थानीय तहहरुले यस क्षेत्रलाई मर्यादित, व्यवस्थित र नियम अनुसार सञ्चालन गर्न कार्यविधि नै बनाएर काम गर्नुपर्ने बताउनुभयो । उहाँले यस क्षेत्रमा संलग्न श्रमिकहरुलाई श्रम गरेवापतको न्युनतम पारिश्रमिक र सामाजिक सुरक्षा दिनुपर्ने बताउनुभयो। जुनसुकै श्रम गरेपनि सबैले श्रमको सम्मान गर्नुपर्ने उहाँको भनाई छ । यस क्षेत्रमा हुने नकारात्मक क्रियाकलापलाई नियन्त्रण गर्न अनुगमन गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले यस क्षेत्रमा काम गर्नका लागि जिल्ला समन्वय समितिको तर्फबाट आवश्यक सहयोग गरिने प्रतिबद्धतासमेत जनाउनुभयो ।

यस्तै बाल कल्याण समाज मकवानपुरका अध्यक्ष तथा राष्ट्रिय बाल सञ्जालका केन्द्रीय अध्यक्ष प्रकाश खतिवडाले पालिकाले नीति बनाएर यस क्षेत्रमा काम गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । अहिले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको श्रमको मुल्याङ्कन नभएको खतिवडाको भनाई छ। अहिले यी क्षेत्रमा थोरै पारिश्रमिकमा धेरै समय काम गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्नुहुँदै खतिवडाले भन्नुभयो, "अहिले समाजमा पीडितलाई नै लाञ्छना लगाउने काम हुन्छ । यसलाई रोक्न आवश्यक छ ।" अन्तरक्रियामा मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर, हेटौंडा उपमहानगरपालिकाका सामाजिक विकास महाशाखाका प्रमुख भीम तिमल्सिना, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक चुँडा कुमारी खड्काको पनि उपस्थिति रहेको थियो ।

# मानवसेवा आश्रममा भोजन सेवा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव ध्रुव गैडाले मानवसेवा आश्रममा भोजन सेवा गराउनुभएको छ । हेटौंडा-९ स्थित मानवसेवा आश्रममा आश्रित २ सय ४ जना वृद्धवृद्धालाई उहाँले आश्रमै पुगेर बिहानको भोजन सेवा गराउनुभएको हो ।

उहाँले परिवारको उपस्थितिमा भोजन सेवा गराई मानवसेवा आश्रमको समेत अनुगमन गर्नु भएको छ । अनुगमन गर्नुहुँदै उहाँले आश्रमको अभियानलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# बकैया र बागमतीमा प्रथम त्रैमासिक परीक्षा सकियो

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिकाका ५० वटा सामुदायिक विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सकिएको छ । पालिकाको वार्षिक शैक्षिक क्यालेन्डरअनुसार प्रथम त्रैमासिक परीक्षा असार ३१ गते सकिएको गाउँपालिकाको शिक्षा शाखाका प्रमोद प्रतिक राईले जानकारी दिनुभयो । करिब ८ हजार विद्यार्थीले परीक्षा दिएको राईले बताउनुभयो । परीक्षा सकिएसँगै विद्यालयमा वर्षे विदा सुरु भएको छ । वर्षे विदाका कारण बागमती गाउँपालिकाका विद्यालय साउन २७ गतेसम्म बन्द रहनेछ ।

यस्तै बकैया गाउँपालिकामा पनि सबै विद्यालयहरुमा परीक्षा सकिसकेको छ । परीक्षा असार ३१ गते नै समाप्त भएको गाउँपालिकाले जनाएको छ । बकैयामा ८ हजार ५ सय विद्यार्थीले परीक्षा दिएको बकैया गाउँपालिकाका कर्मचारी नारायण प्रसाद चापागाईले जानकारी दिनुभयो। परीक्षापछि एक साता विद्यालयमा विदा गरिएको थियो । आइतबारबाट बकैयाका विद्यालयमा नियमित पठनपाठन सुरु भएको छ। यस्तै हेटौँडा उपमहानगर पालिकामा केही विद्यालयहरुमा परीक्षा सुरु भइसकेको छ । केही विद्यालयहरुमा भने आज मंगलबारबाट परीक्षा सुरु हुने भएको छ। परीक्षा समाप्त भइसकेपछि विद्यालयहरूमा वर्षा विदा सुरु हुने शिक्षा महाशाखाले जनाएको छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।


थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा




अब


होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

मकवानपुर बालविद्या सदन

हेटौंडा-१८, खड्कुले

हार्दिक समवेदना



जन्मः
१९९०/१०/१३

स्व. विष्णुकुमारी बानियाँ

स्वर्गारोहणः
२०८०/०४/२

हेटौँडा उपमहानगरपालिका वडा नम्बर १८ का वडा अध्यक्ष श्री अनिल कुमार बानियाँज्यूको प्रातः स्मरणीय ममतामयी माता श्री **विष्णुकुमारी बानियाँ**को श्रावण २ गते निधन भएको खबरले विद्यालय परिवार मर्माहत भएको छ । स्वर्गीय माताप्रति हामी भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारप्रति समानुभूति राख्दै धैर्यधारणको शक्ति मिलोस् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

कृष्ण बहादुर अधिकारी
शिक्षक अभिभावक संघ

सुदीप राज गिरी
अध्यक्ष

एवम् मकवानपुर बालविद्या सदन परिवार

हेटौँडा-१८, खड्कुंले

हार्दिक समवेदना



जन्मः
२०११ साल भाद

स्व. भवकुमारी सापकोटा

स्वर्गारोहणः
२०८० असाढ २८ गते

यस महाविद्यालयका प्राध्यापक श्री टीकाप्रसाद सापकोटाकी ममतामयी आमा **भवकुमारी सापकोटा**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं पूण्यतिथि**का दिन स्वर्गीय आमाप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट परिवार

हेटौंडा-४, मकवानपुर

# मकवानपुरमा अफिम खेती बढ्दो



अफिम खेती नष्ट गर्दै मकवानपुर प्रहरी । फाइल तस्वीर ।

समाज संवाददाता

हेटौंडाः नेपालमा अफिम र गाँजा खेतीका लागि वैधानिकता दिइएको छैन । तर, मकवानपुरका विभिन्न स्थानहरुमा अझै पनि अफिम र गाँजा खेती हुँदै आएको छ ।

मकवानपुरमा प्रहरीले हरेक वर्ष विभिन्न क्षेत्रमा लगाइएको गाँजा र अफिम खेती फडानी गरेर नष्ट गर्ने गरेको छ । हरेक वर्ष फडानी गरेर नष्ट गरे पनि मकवानपुरमा लागूऔषध अफिम खेती बढेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसारमा मकवानपुरमा पछिल्लो समय अफिम खेती बढेको पाइएको हो । मकवानपुर प्रहरीले गत आर्थिक वर्ष २०७९/०८० मा २ सय २३ विगाह ११ कठ्ठा क्षेत्रफलमा लगाएको अफिम खेती फडानी गरेर नष्ट गरेको छ । आर्थिक वर्ष २०७८/०७९ को भन्दा गत आर्थिक वर्षमा अफिम खेती बढेको हो । प्रहरीले आर्थिक वर्ष २०७८/०७९ जिल्लामा १ सय ४४ विगाह १४ कठ्ठामा लगाएको अफिम खेती नष्ट गरेको थियो भने आर्थिक वर्ष २०७७/०७८ मा ४१ विगाह ११ कठ्ठा क्षेत्रफलमा लगाएको अफिम खेती नष्ट गरेको थियो ।

मकवानपुरमा गाँजा खेती पनि बढ्न थालेको छ । गत आर्थिक वर्ष २०७९/०८० मा १ सय ५० विगाह १० कठ्ठा क्षेत्रफलमा लगाएको गाँजा खेती प्रहरीले फडानी गरेर नष्ट गरिएको छ । यस्तै, आर्थिक वर्ष २०७८/०७९ मा १ सय ४४ विगाह १ कठ्ठा १६ धुर क्षेत्रफल जग्गामा लगाएको गाँजा खेती नष्ट गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले पछिल्ला वर्षहरुमा लागूऔषध गाँजाभन्दा बढी अफिम खेती हुने गरेको बताउनुभयो । गाँजाको भन्दा बढी रकममा अफिम बिक्री हुने भएपछि गाँजाभन्दा अफिम बढी खेती गरेको हुनसक्ने उहाँको भनाइ छ । अहिले अफिम १ केजीको बजार मूल्य १ लाखसम्म हुने पाइएको उहाँले बताउनुभयो ।

प्रहरी प्रवक्ता कार्कीले मकवानपुरमा खेती हुने गाँजा र अफिम बाहिरका मानिसको लगानी हुने गरेको पाइएको बताउनुभयो । उहाँले जिल्लाका गाँजा र अफिम खेती हुने स्थानमा त्यसको विकल्प खोज्नुपर्ने बताउनुभयो । राक्सिराङ गाउँपालिकामा जस्तै अफिम र गाँजाको विकल्पमा कफी खेती गरेर त्यस क्षेत्रमा उत्पादनसँग जोड्न सकिने उहाँले बताउनुभयो ।

# एक वर्षमा ६ टन गाँजा बरामद



प्रहरीले बरामद गरेको गाँजा । फाईल तस्वीर ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले एक वर्षमा ६ टनभन्दा बढी लागूऔषध गाँजा बरामद गरेको छ । गत आर्थिक वर्ष २०७९/०८० मा प्रहरीले ६ हजार २५ केजी लागूऔषध गाँजा बरामद गरेको हो ।

गत आर्थिक वर्षमा प्रहरीले बरामद गरेको गाँजा अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को तुलनामा करिब ३ गुणा बढी छ । आर्थिक वर्ष २०७८/०७९ मा मकवानपुर प्रहरीले २ हजार ६ सय केजी गाँजा बरामद गरेको थियो ।

गत आर्थिक वर्षमा मकवानपुर प्रहरीले चरेस २१ केजी, अफिम १४ केजी र खैरो हेरोइन ४९ ग्राम बरामद गरेको छ । यस्तै, नाइट्रोभेट ४ हजार ४ सय २ ट्याब्लेट, डाइजेपाम १ हजार ३ सय ५३ ट्याब्लेट, फेनारगन १ हजार ३ सय १ ट्याब्लेट र कोरेक्स १ हजार ५ सय ४० बोतल बरामद गरेको छ । गत आर्थिक वर्षमा १ सय १५ मुद्दामा मकवानपुर प्रहरीले २ सय ४५ जनालाई पक्राउ गरेको थियो । जसमा २३ जना भारतीय नागरिक रहेका छन् भने बाँकी नेपाली नागरिक रहेका छन् ।

# होटलबाट पक्राउ परेकाहरु धरौटीमा रिहा

समाज संवाददाता

हेटौंडाः अवैध यौनधन्दा सञ्चालन गरेको आरोपमा होटलबाट पक्राउ परेकाहरु धरौटीमा रिहा भएका छन् । आइतबार होटल सञ्चालक र महिलाहरु प्रतिव्यक्ति ४ हजार रुपैयाँ धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रहरी प्रमुख टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

अवैध यौनधन्दा सञ्चालन गरेको आरोपमा पक्राउ परेकाहरुलाई जिल्ला प्रशासन कार्यालय मकवानपुरमा अभद्र व्यवहारको मुद्दा दर्ता भएको थियो । मुद्दा दर्ता भएको ७ दिनमा उनीहरु रिहा भएका हुन् । गत आइतबार राति हेटौंडाको बसपार्क क्षेत्रबाट प्रहरीले होटल सञ्चालकसहित ७ जना महिलालाई पक्राउ गरेको थियो ।

# विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः प्रदेशको विभिन्न जिल्लामा भएको छुट्टाछुट्टै घटनामा एकै दिन ४ जनाको मृत्यु भएको छ । धादिङ, काभ्रे र चितवन जिल्लामा ४ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । धादिङ जिल्लाको गंगाजमुना गाउँपालिका-६ पिप्लेअर्चलेमा करेन्ट लागेर एक वृद्धाको मृत्यु भएको छ । मृत्यु हुने ७४ वर्षीया टिकादेवी दाहाल रहेको प्रहरीले जानकारी दिएको छ ।

आइतबार दिउँसो १ बजेको समयमा दाहालले आफ्नै घरमा लुगा सुकाउने क्रममा करेन्ट लाग्दा घटनास्थलमै मृत्यु भएको हो । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र सल्यानटार लगिएको प्रहरीले जानकारी दिएको छ । धादिङ जिल्लाकै निलकण्ठ नगरपालिका-५ पतेनीमा एक जना वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा ७५ वर्षीय राम बहादुर परियार रहेको प्रहरीले जानकारी दिएको छ । वृद्ध परियार आइतबार मध्यान्न १२ बजेको समयमा आफ्नो घरदेखि ५ सय मिटर पश्चिम खाल्टे-धादिङबेशी सडक खण्डको छेउमा मृत फेला परेका थिए । अनुसन्धानका क्रममा परियार दैनिक रुपमा मादक पदार्थ सेवन गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल धादिङ लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, काभ्रे जिल्लाको बनेपा नगरपालिका-७ तरकारी बजारमा एकजा पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३९ वर्षीय प्रदिप बहादुर धिताल रहेको प्रहरीले जनाएको छ । धिताल आइतबार बिहान १० बजेर ५० मिनेटको समयमा आफ्नै घरको कोठा भित्र मृत फेला परेका थिए । अनुसन्धानका क्रममा धिताल सुगर प्रेसरको बिरामी रहेको पाइएको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको छ ।

चितवन जिल्लाको कालिका नगरपालिका-८, न्युरेनीमा कुलोमा डुबेर एकजना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ४५ वर्षीया देवु आले मगर रहेको प्रहरीले जानकारी दिएको छ । मगर आइतबार साँझ ७ बजेको समयमा घर नजिकै नुहाउन कुलोमा गएकोमा घर फर्की नआएकोले आफन्तले खोजतलास गर्दै जाँदा कुलोमा डुबिरहेको अवस्थामा फेला परेकी थिईन् । मगरलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# विन्ध्यवासिनी टोलमा आँखा शिविर



आँखा परीक्षण गर्नुहुँदै चिकित्सक ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित विन्ध्यवासिनी टोलमा निशूल्क आँखा शिविर भएको छ । विन्ध्यवासिनी टोल विकास संस्थाको आयोजनामा शनिबार शिविर भएको हो । शिविरमा २ सय जनाको आँखा परीक्षण गरिएको टोल विकास संस्थाका अध्यक्ष सुशील पौडेलले जानकारी दिनुभयो ।

हेटौंडा-४, पारिजातपथस्थित सफल फार्मेसीका आँखा स्वास्थ्य विशेषज्ञ डा. दमन अधिकारी नेतृत्वको स्वास्थ्यकर्मीले शिविरमा आँखा परीक्षण गरेको हो । टोल विकास संस्थाका हरिप्रसाद तिमल्सिनाको संयोजकत्वमा शिविर भएको हो । वडा अध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा शिविरको उद्घाटन कार्यक्रम भएको थियो ।

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा - ४, मकवानपुर Ph :- 057-520766
ADMISSION OPEN!!
LIMITED SEATS ONLY
HURRY UP AND GRAB YOUR SEAT
CHOOSE YOUR FACULTY
+2 SCIENCE
+2 COMMERCE
+2 HUMANITIES
+2 EDUCATION
ENROLL NOW
More information call us
President :- 9811882286
Principal :- 9845060933
+2 co-ordinator :- 9845463188
Accountant: 9845030787

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।
अध्यापन हुने विषय/समूहहरू
- विज्ञान (कम्प्युटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्युटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)
धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।
साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।
कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।
प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

"Education for Change"
Narayani College / TMMSS
Scholarship Up to 100%
Terms & conditions Apply
ADMISSION OPEN 2080
"Education for Change"
+2 NEB
Science
Management
✓Hotel Management
✓Computer Science
✓Business Studies
Enroll Now
FOLLOW US:
Hetauda-10, Bhutandevi Road
Quick Contact :
Tel: 057-522136, 9855071876
9849010803, 9843650653
Shift: Morning/Day
नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ